PennState Health
Rehabilitation Hospital

**वित्तीय सहयोग नीति**

| स्वीकृत गर्ने: | स्वीकृत गरिएको पछिल्लो मिति: | जारी गरिएको मिति: | संस्करण: |
| --- | --- | --- | --- |
| | | | 2019-1 |

**प्रिन्ट गरिएका प्रतिहरू सन्दर्भका लागि मात्र हुन्। पछिल्लो संस्करणका लागि कृपया विद्युतीय प्रति हेर्नुहोस्।**

**नियामक आवश्यकता/सन्दर्भहरू:**
**यो नीति आन्तरिक राजस्व संहिता दफा 501(r) र सम्बन्धित ट्रेजरी नियमहरूअनुसार छ।**

## वित्तीय सहयोग नीति

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटल (Penn State Health Rehabilitation Hospital) को नीति भनेको बिरामीहरूलाई जाति, सम्प्रदाय वा भुक्तानी गर्ने क्षमतालाई ध्यानमा नराखिकन चिकित्सकीय रूपमा आवश्यक स्याहार उपलब्ध गराउनु रहेको छ। पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलमा उपलब्ध गराइएका सेवाहरूका लागि भुक्तानी गर्न उपाय वा साधन नभएका बिरामीहरूले वित्तीय सहयोग अनुरोध गर्न सक्नेछन् जसलाई तल उल्लेखित शर्त तथा बन्देजहरूको अधिनमा रहेर उपलब्ध गराइनेछ।

## I. पृष्ठभूमि

क. पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटल अन्तरङ्ग पुनर्स्थापना अस्पताल हो जसलाई सामान्यतया आन्तरिक राजस्व संहिताको दफा 501(c)(3) अन्तर्गतको पेन स्टेट हर्से मेडिकल सेन्टर र राज्यको कानुनअन्तर्गत परोपकारी संस्थाहरूका आवश्यकताहरूअनुरूप रहनेगरी सञ्चालन तथा व्यवस्थापन गरिन्छ।

ख. पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटल चिकित्सकीय रूपमा आवश्यक स्याहार उपलब्ध गराउन प्रतिबद्ध छ। "चिकित्सकीय रूपमा आवश्यक स्याहार" बिरामीहरूलाई उनीहरूको जाति, सम्प्रदाय वा भुक्तानी गर्ने क्षमतालाई ध्यानमा नराखिकन उपलब्ध गराइन्छ।

ग. वित्तीय सहयोग नीतिअन्तर्गत वित्तीय सहयोग प्राप्त गर्नका लागि योग्य रहने प्रमुख लाभार्थीहरूमा यु.एस. डिपार्टमेन्ट अफ हेल्थ एण्ड ह्युमन सर्भिसेज (अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभाग) द्वारा समय-समयमा प्रकाशित गरिने र सेवाको मितिमा लागू रहेको सङ्घीय गरिबी आयसम्बन्धी निर्देशिकाहरू (FPG) अनुसार परिवारको वार्षिक आय 300% भन्दा बढी नहुने त्यस्ता अमेरिकी नागरिक वा वैध स्थायी निवासीहरू हुन्छन् जो बीमा नभएका वा कम बीमा गरिएका बिरामीहरू हुन्छन् भन्ने उद्देश्य राखिएको छ। वित्तीय वा व्यक्तिगत कठिनाइ वा विशेष चिकित्सकीय परिस्थितिहरूको सामना गरिरहेका बिरामीहरू पनि सहयोगका लागि योग्य हुन सक्नेछन्। कुनै पनि परिस्थितिहरूमा यस नीतिअन्तर्गत वित्तीय सहयोगका लागि योग्य हुने बिरामीलाई उक्त स्याहरका सामान्यतया लगाइने शुल्कको रकमहरूभन्दा शुल्क लगाइनेछैन।

घ. बिरामीहरूले भुक्तानी गर्न सक्ने आफ्नो व्यक्तिगत क्षमताका आधार आफ्नो स्याहरमा लागेका खर्चहरूमा योगदान दिनका लागि पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका प्रक्रियाहरूमा सहयोग गर्ने अपेक्षा राखिन्छ।

## II. परिभाषाहरू

"परिवारको वार्षिक आय" लाई सेन्सस ब्युरो (जनगणना ब्युरो) को परिभाषा प्रयोग गरेर निर्धारण गरिन्छ जसले सङ्घीय गरिबी निर्देशिकाहरू गणना गर्दा निम्न आयलाई प्रयोग गर्छ:

- यसमा पारिश्रमिक, बेरोजगारी क्षतिपूर्ति, कर्मचारी क्षतिपूर्ति, सामाजिक सुरक्षा, पूरक सुरक्षा आय, सार्वजनिक सहयोग, सेवानिवृत्त सैनिक भुक्तानी, पीडित व्यक्ति (सर्भाइबर) लाई प्रदान गरिने सुविधा, पेन्सन वा सेवानिवृत्तबाट प्राप्त हुने आय, ब्याज, लाभांश, भाडा, रोयल्टी, इस्टेटबाट हुने आय, गुठी वा ट्रस्ट, शैक्षिक सहयोग, मानाचामल खर्च, बच्चाको भरणपोषण खर्च, घरपरिवारभन्दा बाहिरबाट प्राप्त हुने सहयोग र अन्य विविध स्रोतहरूका साथसाथै गणनायोग्य सम्पत्तिहरू पर्दछन् ।
- गैर-नगद सुविधाहरू (जस्तै कि फुड स्ट्याम्प तथा आवाससम्बन्धी अनुदारहरू) गणना गरिँदैन ।
- आयलाई कर लगाइनु पूर्वको स्थितिमा निर्धारण गरिन्छ ।
- यदि व्यक्ति आफ्नो परिवारसँगै बस्छन् भने "परिवारको वार्षिक आय" मा परिवारका सबै सदस्यहरूको आय समावेश हुन्छ ।

“आवेदन” ले (a) आफै आएर, अनलाइनमा वा प्रतिनिधिसँग फोनबाट पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटल वित्तीय सहयोग आवेदन भरेर वा (b) आवेदनको पूरा भरिएको कागजी प्रतिलाईपेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटललाई हुलाकमार्फत पठाएर वा अन्य तरिकामा बुझाएर यस नीतिअन्तर्गत आवेदन दिने प्रक्रियालाई बुझाउँछ ।

“CBO” ले सेन्ट्रल बिलिङ एण्ड कलेक्सन अफिसलाई बुझाउँछ ।

"परिवार" को अर्थ बिरामी, बिरामीको पति/पत्नी (पति/पत्नी जहाँसुकै बस्ने भएतापनि) र बिरामीका बिरामीसँगै बस्ने अठार वर्षभन्दा कम उमेरका प्राकृतिक वा धर्मसन्तान राखिएका सबै बच्चाहरू हुनेछ । यदि बिरामी अठार वर्षभन्दा कम उमेरका छन्/छिन् भने परिवारमा बिरामी, बिरामीका प्राकृतिक वा धर्म सन्तान राख्ने आमाबुबा (आमाबुबा जहाँसुकै बस्ने भएतापनि र बिरामीको घरमा बस्ने सो आमाबुबाको अठार वर्षभन्दा कम उमेरका प्राकृतिक वा धर्मसन्तान राखिएका सबै बच्चाहरू पर्नेछन् ।

“FPG" को अर्थ यु.एस. डिपार्टमेन्ट अफ हेल्थ एण्ड ह्युमन सर्भिसेज (अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभाग) द्वारा समय-समयमा प्रकाशित गरिने र सेवाको मितिमा लागू रहेको सङ्घीय गरिबी आयसम्बन्धी निर्देशिकाहरू हुनेछ ।

"बीमा भएका बिरामीहरू" भन्नाले कुनै सरकारी वा निजी स्वास्थ्य बीमा भएका व्यक्तिहरू हुन् ।

"चिकित्सकीय रूपमा आवश्यक स्याहार" भनेको Medicare द्वारा परिभाषित गरिएका त्यस्ता सेवाहरू हुन् जो सेवाहरू उपलब्ध गराइएको समयमा सामान्यतया स्वास्थ्य सेवाका मान्यताप्राप्त व्यावसायिक मापदण्डहरूअनुसार निदान गर्न र रोकथाम, प्यालिएटिभ (पीडा कम गर्ने), रोग निवारक वा पुनर्स्थापकीय उपचारहरू उपलब्ध गराउनका लागि उचित तथा आवश्यक हुन्छन् । चिकित्सकीय रूपमा आवश्यक स्याहारमा बहिरङ्ग सेवा अन्तर्गतका प्रेस्कृप्सन औषधिहरू पर्दैनन् ।

"नीति" को अर्थ हाल लागू रहेको यो वित्तीय सहयोग नीति हुनेछ ।

"बीमा नभएका वा कम बीमा गराएका बिरामीहरू" निम्न व्यक्तिहरू हुन्: (i) सरकारी वा निजी स्वास्थ्य बीमा नभएका व्यक्तिहरू; (ii) जसको बीमाका सुविधाहरू प्रयोग गरेर पूरै सकिएको छ; वा (iii) बिरामीले खोजिरहेको चिकित्सकीय रूपमा आवश्यक स्याहारलाई नसमेट्ने बीमा सुविधाहरू भएका व्यक्तिहरू ।

“गणनायोग्य सम्पत्तिहरू” लाई नगद/बैंक खाता, डिपोजिटका प्रमाणपत्र, बोन्ड, स्टक, हरू, म्युचुअल फण्ड वा पेन्सन

सुविधाहरू जस्ता स्वास्थ्य सेवा दायित्वहरूको भुक्तानीका लागि उपलब्ध रहने सम्पत्तिहरूको रूपमा परिभाषित गरिन्छ। स्वास्थ्य सेवा विभाग Services (Department of Health Services, DHS) कोMedical Assistance बुलेटिन, हस्पिटलको क्षतिपूर्ति प्रदान नगरिने स्याहार कार्यक्रम तथा परोपकार योजनाहरूमा परिभाषित गरिएअनुसार गणनायोग्य सम्पत्तिहरूमा घर, गाडी, घरका सरसामान, IRA र 401K खाताहरू पर्दैनन्।

## III. अन्य नीतिहरूसँग सम्बन्ध

क. आकस्मिक चिकित्सकीय सेवाहरूसँग सम्बन्धित नीति - पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलमा आकस्मिक सेवाहरू उपलब्ध गराइँदैन।

ख. प्रेस्कृप्सन औषधिको कभरेज - आफ्ना प्रेस्कृप्सन औषधिहरूको खर्चहरूमा सहयोग आवश्यक पर्ने बिरामीहरू फर्मास्युटिकल कम्पनीहरूद्वारा प्रदान गरिने बिरामी सहयोग कार्यक्रमहरू मध्ये कुनै एक कार्यक्रमका लागि योग्य हुन सक्नेछन्।

## IV. वित्तीय सहयोगका योग्यतासम्बन्धी मापदण्डहरू

तलका योग्यताहरू पूरा गर्ने पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलमा स्याहार खोज्ने बिरामीहरू यस नीति अन्तर्गत खण्ड VII मा वर्णन गरिएका सहयोगका लागि योग्य हुन्छन्।

क. आयमा आधारित वित्तीय सहयोग -

1. बिमा नभएका र परिवारको वार्षिक आय FPG को 300% भन्दा बढी नहुने बिरामीहरू,
2. अन्तरङ अस्पताल सेवाहरूका लागि चिकित्सकीय रूपमा आवश्यक स्याहार खोजिरहेका बिरामीहरू, र
3. तलका मापदण्डहरूमध्ये कम्तीमा पनि एउटा पूरा गर्ने:
   - क. अमेरिकी नागरिक हो
   - ख. अमेरिकी वैध स्थायी निवासी कार्ड (USCIS फाराम i-551) बोक्छन्

ख. सहयोगका लागि योग्य हुने थप तरिकाहरू - यस नीतिअन्तर्गत अन्य तरिकामा वित्तीय सहयोगका लागि योग्य नहुने तर चिकित्सकीय रूपमा आवश्यक स्याहारमा लाग्ने शुल्क भुक्तानी गर्न नसक्ने बिरामीले निम्न परिस्थितिहरूमा सहयोग खोज्न सक्नेछन्:

1. असाधारण परिस्थितिहरू - आफूले (रोग लागेर अन्तिम अवस्थामा भएको वा एक्कासी गम्भीर चिकित्सकीय समस्या) लगायत एकदमै धेरै व्यक्तिगत वा वित्तीय कठिनाइको सामना गरिरहेको भनेर जानकारी गराउने बिरामीहरू।

2. विशेष चिकित्सकीय परिस्थितिहरू - पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका मेडिकल स्टाफद्वारा मात्र उपलब्ध गराउन सकिने उपचार खोजिरहेका वा स्याहारको निरन्तरताका लागि पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटल बाट उपलब्ध गराइने चालू चिकित्सकीय सेवाहरूबाट फाइदा हुने बिरामीहरू।

   असाधारण परिस्थिति वा विशेश चिकित्सकीयहरूको कारणले गर्दा सहयोगका लागि गरिएका अनुरोधहरूलाई केसअनुसार मूल्याङ्कन गरिनेछ र त्यसका बारेमा CBO म्यानेजरद्वारा निर्णय लिइनेछ।

ग. Medicaid स्क्रिनिङ - पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलमा स्याहार खोजिरहेका बीमा नभएका बिरामीहरूलाई उनीहरू Medicaid का लागि योग्य हुन्छन् कि हुन्नन् भनेर निर्धारण गर्न प्रतिनिधिद्वारा सम्पर्क गर्न सकिनेछ। यस

नीतिअन्तर्गत वित्तीय सहयोगका लागि योग्य हुनका निम्ति बीमा नभएका बिरामीहरूले अनिवार्य रूपमा Medicaid योग्यता प्रक्रियामा सहकार्य गर्नुपर्छ।

## V. आवेदन दिने प्रक्रिया

क. आयमा आधारित वित्तीय सहयोग

1. उपचारको समय तय गर्ने वा बिल तयार गर्ने प्रक्रियाको कुनै पनि समयमा आयमा आधारित वित्तीय सहयोग खोज्ने कुनै पनि बिरामीले वित्तीय सहयोग आवेदन भर्न सक्नेछन् र निजलाई योग्यताको समीक्षाको मितिभन्दा ठिक अगाडिको तीन-महिने र बाह्र-महिने अवधिका लागि परिवारको वार्षिक आयसम्बन्धी जानकारी उपलब्ध गराउन भनिनेछ। परिवारको वार्षिक आयको प्रमाणका रूपमा तेस्रो पक्षको आय प्रमाणीकरण सेवाहरू प्रयोग गर्न सकिनेछ। वित्तीय सहयोग आवेदन हाम्रा भर्ना क्षेत्रहरू, अनलाइनमा www.psh-rehab.com वा हाम्रो सेवास्थल वा व्यापारिक कार्यालयमा प्रतिनिधिबाट प्राप्त गर्न सकिनेछ।

   सङ्घीय कर विवरण, पछिल्लो तलबका भुक्तानी रसिद, बैंक विवरण, सामाजिक सुरक्षा निर्धारण, बेरोजगारी वा पेन्सनको आयको प्रमाण, इस्टेट वा दायित्व सम्झौताहरूका लागि वितरणको पुष्टि, Medical Assistance वा स्वास्थ्य बीमा बजार निर्धारण, नागरिकता वा वैध स्थायी आवास स्थिति (ग्रिन कार्ड) को प्रमाण वा वित्तीय योग्यता निर्धारण गर्न वित्तीय सहयोग आवेदनलाई पर्याप्त रूपमा समीक्षा गर्नका लागि योग्य मानिने अन्य कुनै पनि जानकारीलगायत योग्यताको प्रमाण आवश्यक पर्छ।

2. यदि दुई स्रोतहरूबाट प्राप्त जानकारीमा भिन्नता रहेको खण्डमा पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका प्रतिनिधिले परिवारको वार्षिक आयलाई समर्थन गर्ने थप जानकारी माग गर्न सक्नुहुन्छ।

ख. असाधारण परिस्थितिहरू

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका कर्मचारीले धेरै शुल्क उठेको वा धेरै शुल्क उठ्ने जोखिममा रहेको वा एकदमै धेरै व्यक्तिगत वा वित्तीय कठिनाइ सामना गरिरहेको भनेर जानकारी गराउने कुनै पनि बिरामीका लागि आवेदनको प्रक्रिया सुरु गर्नुहुनेछ। पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका कर्मचारीले बिरामीबाट वित्तीय परिस्थितिहरू र व्यक्तिगत कठिनाइहरूका बारेमा जानकारी सङ्कलन गर्नुहुनेछ। CFO वा उहाँको प्रतिनिधिको निर्देशनअनुसार CBO म्यानेजरद्वारा निर्णयहरू लिइनेछ। बिरामीले अन्तिम निर्णयका बारेमा सूचित गरिनेछ।

ग. विशेष चिकित्सकीय परिस्थितिहरू

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका कर्मचारीले उपचारको समय तय गर्ने वा भर्ना प्रक्रियाको दौरान सम्भावित विशेष चिकित्सकीय परिस्थितिहरू पहिचान गरिएको कुनै पनि बिरामीका लागि आवेदनको प्रक्रिया सुरु गर्नेछ र प्रतिनिधिले बिरामीलाई पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलको मेडिकल स्टाफद्वारा मात्र उपलब्ध गराइने उपचार आवश्यक पर्छ कि पर्दैन र स्याहारको निरन्तरताका लागि पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलबाट निरन्तर चिकित्सकीय सेवाहरूबाट लाभ हुन्छ कि हुँदैन भनेर उपचार वा स्याहार उपलब्ध गराइरहनुभएका वा उपलब्ध गराउनुहुने चिकित्सकबाट सिफारिस प्राप्त गर्नुहुनेछ। विशेष चिकित्सकीय परिस्थितिहरूका बारेमा निर्णयहरू उपचार गर्ने चिकित्सकद्वारा लिइनेछ। विशेष चिकित्सकीय परिस्थितिहरूका कारणले गर्दा वित्तीय सहयोगका लागि योग्य नभएमा त्यस बारेमा बिरामीलाई लिखितमा सूचित गरिनेछ।

घ. अपूर्ण वा जानकारी छुटेका आवेदनहरू

बिरामीहरूलाई आवेदनमा जानकारी छुटेका बारेमा सूचित गरिनेछ र छुटेको जानकारी उपलब्ध गराउनका लागि मनासिब अवसर प्रदान गरिनेछ।

## VI. योग्यता निर्धारण प्रक्रिया

क. वित्तीय अन्तर्वार्ता

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका प्रतिनिधिले वित्तीय अन्तर्वार्ताका लागि उपचारका लागि समय तय गर्दाको बेला वित्तीय सहयोगका लागि बीमा नभएका सबै बिरामीहरूलाई टेलिफोनबाट सम्पर्क गर्ने प्रयास गर्नुहुनेछ। प्रतिनिधिले परिवारको आय, परिवारको आयका स्रोतहरू र यस नीति अन्तर्गत योग्यतालाई समर्थन गर्ने अन्य कुनै पनि वित्तीय वा गम्भीरतालाई घटाउने परिस्थितिहरू लगायतका जानकारीका बारेमा सोध्नुहुनेछ र आवेदन भर्नमा सहायता गर्नुहुनेछ। अपोइन्टमेन्टको समयमा वा भर्ना भएपछि बिरामीहरूलाई पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका प्रतिनिधिसँग भेट गर्न र वित्तीय सहयोग आवेदनमा हस्ताक्षर गर्न भनिनेछ।

ख. आवेदनहरूको प्राप्ति

आफै आएर, अनलाइन, हुलाक वा कसैमार्फत भरिएर बुझाइएका कुनै पनि आवेदनलाई मूल्याङ्कन तथा अगाडिका प्रक्रियाहरूका लागि पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका प्रतिनिधिसमक्ष पठाइनेछ।

ग. योग्यताको निर्धारण

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका प्रतिनिधिले सबै वित्तीय सहयोग आवेदनहरूको मूल्याङ्कन गरेर अगाडिको प्रक्रिया बढाउनुहुनेछ। बिरामीलाई योग्यताको निर्धारणका बारेमा पत्रद्वारा सूचित गरिनेछ। 100% वित्तीय सहयोगभन्दा कमका लागि योग्य हुने बिरामीहरूले कति शुल्क भुक्तानी गर्नुपर्नेछ भनेर अनुमानित खर्चको विवरण प्राप्त गर्नेछन् र उनीहरूलाई भुक्तानीको व्यवस्थाहरू मिलाउनका लागि अनुरोध गरिनेछ।

## VII. बिरामीहरूलाई लगाइने शुल्कहरू गणना गर्ने आधार, कार्यक्षेत्र र वित्तीय सहयोगको अवधि

यसअन्तर्गत आयमा आधारित वित्तीय सहयोग प्राप्त गर्नका लागि योग्य बिरामीहरूले आयसम्बन्धी निम्न मापदण्डहरूअनुसार सहयोग प्राप्त गर्नेछन्:

- यदि तपाईंको परिवारको आय FPG को 300% सम्म छ भने तपाईंले नि:शुल्क स्याहार प्राप्त गर्नुहुनेछ वा बीमाले भुक्तानी गरिसकेपछि बिरामीको दायित्वलाई 100% अपलेखन (दायित्वबाट हटाउने) गरिनेछ।

- तपाईं एक्कासी गम्भीर चिकित्सकीय समस्या वा उपचार गराउँदा गराउँदै शुल्क तिर्न नसक्ने स्थितिमा पुगेको जस्ता विशिष्ट परिस्थितिहरूका आधारमा मामिलाअनुसार CBO को विवेकमा दरहरूमा छुटहरू पाउन पनि योग्य हुन सक्नुहुनेछ।

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलको Medicaid कभरेज र वित्तीय सहयोग स्क्रिनिङ प्रक्रियाअनुसार गर्न नसक्ने वा

प्रक्रिया पूरा गर्न असफल हुने बिरामीहरूलाई वित्तीय सहयोग योग्यताबाट हटाइनेछ।

यदि पछि उपलब्ध गराइने जानकारीले पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटललाई उपलब्ध गराइएको जानकारी गलत थियो भनेर सङ्केत गरेमा पहिले प्रदान गरिएका छुटहरूमा परिमार्जनहरू गरिनेछ।

यसमा प्रयोग भएको "सामान्यतया शुल्क लगाइने रकम" को अर्थ युनाइटेड स्टेट्स डिपार्टमेन्ट अफ ट्रेजरी (राज्यकोष विभाग) वा इन्टरनल रेभेन्यु सर्भिस (आन्तरिक राजस्व सेवा) द्वारा जारी गरिएको IRC §501(r)(5) र कुनै पनि नियम वा अन्य निर्देशिकामा उल्लेखित अर्थ नै हुन्छ। "सामान्यतया शुल्क लगाइने रकम" कसरी गणना गरिन्छ भन्ने विस्तृत विवरणका लागि परिशिष्ट A हेर्नुहोस्। परिशिष्ट A लाई वार्षिक रूपमा अद्यावधिक गरिन्छ र यो अनलाइनमा www.psh-rehab.com मा, हाम्रा भर्ना क्षेत्रहरूमा उपलब्ध छ र यसलाई पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका प्रतिनिधिलाई अनुरोध गरेर पनि प्राप्त गर्न सकिन्छ।

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलले बिरामी आयमा आधारित वित्तीय सहयोगका लागि योग्य छन् भनेर निर्धारण गरिसकेपछि सो निर्धारण योग्यता समीक्षाको मितिबाट नब्बे (90) दिनका लागि मान्य हुन्छ। नब्बे (90) दिनपछि बिरामीले थप वित्तीय सहयोग अनुरोध गर्नका लागि नयाँ आवेदन भर्नुपर्ने हुनसक्छ।

## VIII. गैर-भुक्तानीका लागि कारवाहीभन्दा पहिले वित्तीय सहयोगका लागि योग्यताको निर्धारण

क. वित्तीय सहयोगका योग्यता निर्धारण गर्नका लागि बिल तयार गर्ने र उचित प्रयासहरू

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलले भर्ना वा सेवाको समयमा वा सोभन्दा पहिले बिरामी यस नीतिअन्तर्गत सहयोगका लागि योग्य छन् कि छैनन् भनेर निर्धारण गर्न प्रयास गर्छ। यदि डिस्चार्ज वा सेवाभन्दा पहिले बिरामी वित्तीय सहयोगका लागि योग्य नरहेको भनेर निर्धारण गरिएको अवस्थामा पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलले स्याहारका लागि शुल्क लगाउनेछ। यदि बिरामीको बीमा गरिएको छ भने पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलले रेकर्डमा भएको बिरामीको बीमा कम्पनीलाई लागेका शुल्कहरूको बिल पठाउनेछ। बिरामीको बीमा कम्पनीबाट बिलको सम्बन्धमा निर्णय प्राप्त भएपछि भुक्तानी गर्न बाँकी रहने कुनै पनि शुल्कका लागि बिल सिधै बिरामीलाई दिइनेछ। यदि बिरामीको बीमा गरिएको छैन भने पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलले लागेका शुल्कहरूको बिल सिधैं बिरामीलाई पठाउनेछ। बिरामी डिस्चार्ज भएपछि सुरु हुनेगरी बिरामीहरूले 120 दिनको अवधिमा बिरामीको रेकर्डमा लेखिएको ठेगानामा पठाइने चारवटासम्म बिलसम्बन्धी विवरण प्राप्त गर्नेछन्। भुक्तानी गर्न बाँकी रहेको रकम भएका बिरामीहरूले मात्र बिलसम्बन्धी विवरण प्राप्त गर्नेछन्। बिलसम्बन्धी विवरणमा यस नीतिको सरल भाषामा सारांश र वित्तीय सहायताका लागि कसरी आवेदन दिने भन्ने जानकारी रहन्छ। योग्यता निर्धारणका लागि उचित प्रयासहरूमा निम्न पर्दछन्: भर्ना भएपछि नीतिका बारेमा बिरामीलाई सूचना र बिरामीको बिलका सम्बन्धमा बिरामीलाई लिखित तथा मौखिक जानकारी दिने, कुनै पनि कानुनी कार्यवाही वा मुद्दा सुरु गर्नुभन्दा पहिले कम्तीमा पनि 30 दिने पहिले नीति र सहयोगका लागि आवेदन दिने प्रक्रियाका बारेमा टेलिफोनबाट व्यक्तिलाई सूचित गर्नका लागि प्रयास गर्ने, र भुक्तानी गर्न बाँकी रहेको शुल्कको सम्बन्धमा पहिलो बिलसम्बन्धी विवरणको 240 दिनभित्र यस नीति अन्तर्गत सहयोगका लागि बुझाइएको कुनै पनि वित्तीय सहयोग आवेदन वा यदि पछिको कुनै मितिमा पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलको तर्फबाट काम गरिरहेको सङ्कलन एजेन्सीले अस्पताललाई भुक्तानी नगरिएको ब्यालेन्स फिर्ता गर्छ भने त्यसका लागि लिखित जवाफ।

ख. भुक्तानी गर्न बाँकी रहेका शुल्कहरूको सङ्कलन कार्य

यदि 120 दिनको अवधिमा चारवटासम्म बिलसम्बन्धी विवरण पठाइसकेपछि पनि बिरामीको भुक्तानी गर्न बाँकी रहेका शुल्कहरू छन् भने बिरामीबाट लिनुपर्ने शुल्कलाई पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटललाई प्रतिनिधित्व गर्ने सङ्कलन एजेन्सीसमक्ष पठाइनेछ जसले भुक्तानी लिन आवश्यक कदम उठाउनेछ। पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलको प्रतिनिधित्व गर्ने सङ्कलन एजेन्सीहरूले बाँकी रहेको शुल्कका बारेमा जानकारी सङ्कलन एजेन्सीलाई पठाएपछिको समयबाट 18 महिनासम्म सङ्कलनका लागि उपयुक्त कदम चाल्न सक्छन्। बाँकी रहेको शुल्कका बारेमा जानकारी सङ्कलन एजेन्सीलाई रेफर गरिसकेपछि पनि बिरामीले यस नीतिअन्तर्गत वित्तीय सहयोगका लागि आवेदन दिन सक्नेछन्। पहिलोपटक डिस्चार्ज भएपछि भुक्तानी गर्न बाँकी रहेको शुल्क सहितको बिलसम्बन्धी विवरण पठाएको कम्तीमा पनि 120 दिन कटिसकेपछि र केसअनुसार बिरामीको भुक्तानी गर्न बाँकी रहेको शुल्क छ र उनले पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटल वा यसको तर्फबाट काम गर्ने सङ्कलन एजेन्सीद्वारा अनुरोध गर्दा जानकारी वा भुक्तानीको सम्बन्धमा सहयोग गर्दैनन् भने पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलले कानुनी कार्यवाहीमार्फत सङ्कलन कार्यलाई अगाडि बढाउन सक्नेछ।

बिरामी वित्तीय सहयोगका योग्य हुन सक्छन् कि सक्दैनन् भनेर निर्धारण गर्नका लागि उचित प्रयासहरू नगरिकन कुनै पनि मामिलामा बिरामीलाई चिकित्सकीय रूपमा आवश्यक स्याहारमा ढिलाइ गरिनेछैन वा त्यसलाई अस्वीकार गरिनेछैन। पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलमा वित्तीय सहयोगका लागि योग्य नमानिसकिएको बीमा नभएको बिरामीले नयाँ सेवाहरूका लागि समय मिलाउन खोज्दा सो बिरामीलाई प्रतिनिधिद्वारा सम्पर्क गरिनेछ जसले नीतिका बारेमा बिरामीलाई जानकारी गराउनुहुनेछ र अनुरोध गरिएको खण्डमा वित्तीय सहयोगका लागि आवेदन सुरु गर्न बिरामीलाई मद्दत गर्नुहुनेछ।

ग. समीक्षा तथा स्वीकृति

नीतिअन्तर्गत सहयोगका लागि बिरामी योग्य छन् कि छैनन् भनेर मूल्याङ्कन गर्नका लागि उचित प्रयासहरू गरिएका थिए कि थिएनन् र भुक्तानी गर्न बाँकी रहेको शुल्कका लागि असाधारण सङ्कलन कार्यहरूका बारेमा समीक्षा तथा निर्णय गर्ने अधिकार पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका प्रतिनिधिसँग हुन्छ।

## IX. पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटल वित्तीय सहयोग नीतिअन्तर्गत नसमेटिएका चिकित्सकहरू

निश्चित सेवाहरू पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटल वित्तीय सहयोग नीतिद्वारा नसमेटिएका चिकित्सकहरूहरू प्रदान गरिन्छ। यी सेवाहरूलाई www.pennstatehealth.org मा अनलाइनमा उपलब्ध पेन स्टेट हर्से मेडिकल सेन्टर वित्तीय सहयोग नीतिद्वारा समेटिन सकिनेछ।

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलमा यस नीतिअन्तर्गत *नसमेटिएका* चिकित्सकहरूका बारेमा नामसहितको जानकारी **परिशिष्ट B, प्रदायक सूची**मा दिइएको छ। यस सूचीलाई त्रैमासिक रूपमा अद्यावधिक गरिन्छ र यो अनलाइनमा www.psh-rehab.com,
हाम्रा भर्ना क्षेत्रहरूमा उपलब्ध छ र यसलाई पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका प्रतिनिधिलाई अनुरोध गरेर पनि प्राप्त गर्न सकिन्छ।